अनुसूची ४

# सन् २०२० को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकारको क्षेत्रमा पृथक पहिचान बनाएको छ। यस संस्थाबाट प्रत्येक वर्ष "नेपाल मानव अधिकार वर्ष पुस्तक" प्रकाशन हुँदै आएको छ। यस प्रकाशनमार्फत अधिकार र मानव अधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक हुनु सकारात्मक पक्ष हो। मानव अधिकारको सम्मानमा नै व्यक्ति वा समुदायको विकास सम्भव छ। विनासीमा, विनाभेदभाव, सबैका लागि, सँधैका लागि लागु हुने भएकाले यो सबैको चासो र सरोकारको विषय हो । जहाँ मानव अधिकारको सम्मान हुँदैन, त्यहाँ अराजकताको स्थिति सिर्जना हुन्छ। मानव अधिकार संस्कृतिको विकासविना सभ्य समाजको परिकल्पना गर्न सकिँदैन।

मानव अधिकारका मूल्यमान्यता वा चरित्रलाई आत्मसात गर्न सक्ने राज्य नै लोकतान्त्रिक हुन्छ । लोकतान्त्रिक मुलुकमा राज्य/सरकारलाई संरक्षक तथा अविभावकको रूपमा हेरिन्छ । नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र र मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र हो । नेपाल पुनः संयुक्त राष्ट्रसङ्घअन्तर्गत मानव अधिकार परिषद्को सदस्यमा निर्वाचित मुलुक पनि हो। जनताबाट निर्वाचित सरकारबाट सञ्चालित हुने शासन–प्रणाली अवलम्बन गरेको मुलुक पनि हो। यस अर्थमा मानव अधिकारको सम्मान, संरक्षण र परिपालनाको पहिलो दायित्व राज्य वा सरकारमा निहित छ भन्नुमा द्विविधा रहनु हुँदैन। यसरी निर्वाह गर्नुपर्ने दायित्वलाई राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियरूपमा समेत हेर्ने गरिन्छ । कामकारबाहीको सवालमा मानव अधिकारसम्बन्धी परिपालना गर्नुपर्ने आफ्नो दायित्वबाट राज्य विमुख हुन पुगेको अवस्थामा उसलाई जिम्मेवार बनाउनु आवश्यक हुन्छ । मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा यो जिम्मेवारी कानुनतः राष्ट्रिय मानव अधिकार आयोगको काँधमा रहेको छ। सोहीबमोजिम आयोग स्थापनाकालदेखि नै यस भूमिकाप्रति क्रियाशील रहिआएको छ।

हाल मुलुक सङ्घीय संरचनाअनुरूप सञ्चालित छ । संविधान कार्यान्वयनको चरणमा गइसकेको छ। मौलिक हकसम्बन्धी कानुनहरू निर्माण भइसकेका छन् । मानव अधिकारसम्बन्धी केही विषयगत आयोगहरूमा सीमित मात्रामा भए पनि पदाधिकारीको नियुक्ति भएको छ। सरकारले पाँचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजना लागु गरेको छ। यी विविध पाटोलाई हेर्दा एक हदसम्म सन्तोष गर्ने ठाउँ छ।

यी सकारात्मक प्रयत्नका बाबजुद् मानव अधिकारको सम्मान, संरक्षण र कार्यान्वयनको चरणमा प्रशस्त चुनौतीहरू विद्यमान छन्। पाँच वर्षको जनादेश पाएको प्रतिनिधि सभा तीन वर्षमै विघटन हुन पुगेको छ। यसबाट मुलुक पुनः अस्थिरताको भूमरीमा फस्ने सम्भावना प्रबल देखिएको छ । शान्ति–प्रक्रिया (सङ्क्रमणकालीन न्याय)लाई निष्कर्षमा पुर्‍याउने सरकारी प्रतिबद्धताले अहिले पनि ठोस गति लिन सकेको छैन। विस्तृत शान्ति सम्झौता भएको १४ वर्ष व्यतित भइसक्दा पनि पीडितले न्याय पाउन नसकेको विडम्बनापूर्ण अवस्था छ । संविधानप्रदत तीन तहका सरकारबिचको साझा अधिकारबिच कानुन निर्माण हुन नसक्दा सरकारी कामकारबाही अपेक्षित गतिमा अगाडि बढ्न सकेका छैनन्।

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोग मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र संस्कृति विकासका लागि निरन्तर क्रियाशील रहिआएको छ। नेपालको संविधानको धारा २४९ (१) (२) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ। आयोगले तय गरेको आयोगको साङ्गठिनक संरचना करिब तीन वर्षभन्दा बढी समयदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा थन्किएको छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न ल्याइएको प्रस्तावित संशोधन विधेयक आयोगको स्वतन्त्रता र स्वायत्तता अनुकूल हुने

गरी अगाडि बढ्न सकेको छैन । नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलगायत समग्र मानव अधिकारको कार्यान्वयन अवस्था अपेक्षितरूपमा सन्तोषजक देखिएको छैन। समाजमा जातीय भेदभावको विद्यमान स्थिति, जीवनको अधिकार, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुजस्ता परिस्थितिले संविधानप्रदत हक प्रचलनमा अझै सहज वातावरण बन्न नसकेको अवस्था छ। वैदेशिक रोजगारीमा गएका श्रमिकहरूमाथि भएको श्रम शोषण, बढ्दो घरेलु हिंसा आदि कारण जनजीवन असहज अवस्थामा छ। सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, अल्पसङ्ख्यक, जेष्ठ नागरिकलगायतको अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान पुऱ्याउन सकेको छैन। फलतः ती वर्ग एवम् समुदायका अधिकारहरू सुरक्षित हुन सकेका छैनन् । कोभिड–९ को कारण सिङ्गो विश्वसँगै नेपाल पनि प्रभावित बनेको अवस्था छ। यस विषम परिस्थितिमा विशेषतः स्वास्थ्य क्षेत्रमा नकारात्मक असर परेको देखिन्छ। मानिसहरू यसबाट भयभित र आक्रान्त बन्न पुगेका छन्। फलतः स्वास्थ्य, सुरक्षा, रोजगारीलगायतका क्षेत्रमात्र नभई समग्र जनजीवन नै प्रभावित भएको छ।

यस आर्थिक वर्षमा आयोगले मानव अधिकारको अवस्था सुदृढ गर्न प्रशस्त कार्यहरू गरेको छ । फलतः संरक्षण र संवर्द्धनात्मक प्रकृतिका कार्यहरूबाट विभिन्न उपलब्धिहरू हासिल भएका छन्। यस आर्थिक वर्षमा आयोगमा मानव अधिकार उल्लङ्घन भएको भनी नयाँ १ सय ३२ उजुरीहरू दर्ता भएका छन्। आयोगमा दर्ता भएका र दर्ता गरिएका पुराना तथा नयाँ गरी ७ सय ९५ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। मानव अधिकारको अवस्था एवम् विविध विषयमा १ सय २८ पटक अनुगमन भएको छ। आयोगबाट “सबैको लागि घरघरमा मानव अधिकारः शान्ति र विकासको आधार” भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी संवर्द्धनसम्बन्धी जम्मा १ सय १२ कार्यक्रमहरू भएका छन् भने ५६ कार्यक्रम सहकार्य र समन्वय गरिएको छ। श्रोत व्यक्ति/विषय विज्ञको रूपमा ३०, अथिति, सहभागी गरी २ सय ७९ कार्यक्रममा सहभागिता जनाएको छ । लकडाउनको अवस्थामा स्वास्थ्य, सुरक्षा, नागरिकको कर्तव्य र मानव अधिकारको सम्बन्धमा सातै प्रदेशमा ११ भाषामा सचेतनामूलक रेडियो सन्देश प्रवाह भएको छ। गत वर्ष आयोगले आप्रवासी कामदार र तिनका परिवारहरूको मानव अधिकार अवस्था विषयक अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ। सम्मेलनमा २८ देशका १ सय ४० जन प्रतिनिधिहरूको सहभागिता रहेको थियो । यसलाई कार्यरूप दिने अभिप्रायले आयोगले यस वर्ष मलेसियाको राष्ट्रिय मानव अधिकार आयोगसँग समझदारीपत्र नवीकरण गरेको छ।

यस आर्थिक वर्षमा आयोगबाट १८ प्रकाशन, ६९ प्रेस विज्ञप्ति र प्रेस नोट जारी भएका छन्। यसका साथै कानुन निर्माणमा सरकार एवम् सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुनको पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनको लागि पठाइएको छ। आयोगमा लामो समयदेखि स्थायित्व हुन नसकेको कर्मचारीहरूको व्यवस्थापन गर्न सफल भएको छ। यसबाट उनीहरूको सेवा सुरक्षा सुनिश्चित भएको छ।

उल्लिखित उपलब्धिका बाबजुद् पनि आयोग अहिले पनि चुनौतीका बिचमा छ। आयोगका सिफारिस कार्यान्वयन हुन सकेका छैनन्। यस कार्यमा सरकारबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्था छ। आयोगले हालसम्म २ सय ८ भन्दा बढी व्यक्तिलाई अनुसन्धानबाट ठहर भएबमोजिम मानव अधिकार उल्लङ्घनकर्ताको सूचीमा राखेकोमा कानुनी कारबाहीको अवस्था निराशाजनक छ । कतिपय अधिकारीहरूलाई कारबाहीको भागिदार नबनाइ पुरस्कृत गरिएको छ। वि. सं. २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त आयोगको केन्द्रीय कार्यालयको भवन अझैसम्म पनि निर्माण हुन सकेको छैन । अन्य कार्यालयका घर पनि भाडामा लिनुपर्ने बाध्यताको कारण कार्य सम्पादनमा कठिनाइ भएको छ । यी प्रतिकूलताकाबिच पनि आयोगले सक्रियतापूर्वक आफ्ना कामकारबाही अगाडि बढाइरहेको छ।

यी उपलब्धि र चुनौतीबिचबाट अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । नागरिक समाज, इन्सेकलगायतका मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबिचको सहयकार्यबाट मानव अधिकारका सम्मान, संरक्षण र परिपालनामा टेवा पुऱ्याउन सकिने छ। यसको लागि आयोग सदैव तत्पर रहिआएको छ। अन्त्यमा, म पुनः यस सराहनीय कार्यका लागि इन्सेक परिवारलाई शुभकामनासहित धन्यवाद व्यक्त गर्दछु।

**वेदप्रसाद भट्टराई**
सचिव

## प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकार वर्ष पुस्तक, २०२१ प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। प्रस्तुत वर्ष पुस्तकले गत वर्ष मुलुकमा मानव अधिकारको क्षेत्रमा भएको प्रगति र समग्र स्थितिको बारेमा सबैलाई सुसूचित गर्ने कार्य गर्ने भएकोले पुस्तक उपयोगी हुने विश्वास लिएको छु। नेपाल सरकार संविधानप्रदत्त मौलिक हक, मौलिक हक कार्यान्वयन गर्न बनेका कानुनहरू र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र प्रत्याभूतिका लागि सक्रिय रहेको छ।

सन् २०२० मा कोभिड–१९ को महामारीले नेपाललगायत विश्वभर नै मानव अधिकारको निर्वाध उपभोगमा अवरोध पुऱ्याएको छ । यस महामारीको रोकथाम, नियन्त्रण र उपचारजन्य उपायहरू अवलम्बन गरी यसबाट पर्न सक्ने नकारात्मक असर, प्रभाव वा क्षतिलाई न्यूनिकरण गर्ने कार्यमा नेपालले अन्य मुलुकको तुलनामा धेरै हदसम्म सफलता प्राप्त गरेको कुरा सर्वविदितै छ। नेपाल सरकारले कोभिड–१९ विरुद्धको खोप प्राथमिकताको आधारमा क्रमशः सबैलाई उपलब्ध गराउने कार्य प्रारम्भ भइसकेको व्यहोरा पनि सबैमा अवगत नै छ।

सन् २०२० मा नेपालले विश्वव्यापी आवधिक पुनरावलोकन तेस्रो चक्रको प्रतिवेदन अक्टोबर २०२० मा मानव अधिकार परिषद्मा पेश गरेको र सोको पुनरावलोकनको कार्य पनि यही जनवरी २१, २०२१ मा सम्पन्न भएको छ। पुनरावलोकनको सन्दर्भमा नेपालले विगत साढे चार वर्षको अवधिमा मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा गरेको प्रगतिलाई विश्व समुदायले प्रशंसा गरेको छ र थप कार्यका लागि सुझावहरू प्राप्त भएका छन् र सोअनुसार कार्य गर्न नेपाल सरकार प्रतिबद्ध रहेको कुरा पनि अवगत नै छ। सन् २०२० मा मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना पनि नेपाल सरकारले स्वीकृत गरी लागु गरेको छ । यस कार्ययोजनाले खासगरी नेपालको संविधान, संविधानमा व्यवस्था भएका मौलिक हकहरू कार्यान्वयन गर्न बनेका कानुनहरू, नेपालले विश्वव्यापी आवधिक पुनरावलोकनको सन्दर्भमा स्वीकार गरेका सिफारिसहरू, नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी सन्धिजनित निकायबाट प्राप्त सिफारिसहरू, नेपालको पन्ध्रौँ राष्ट्रिय विकास योजनाका व्यवस्थाहरू, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगबाट भएका फैसला वा सिफारिसहरूको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारी र समय सीमासमेत किटान गरी तयार पारिएको छ। साथै, मानव अधिकारसम्बन्धी सन्धिजनित निकायमा पेश गरिने प्रतिवेदनको अभिन्न अङ्गको रूपमा रहने Common Core Document स्वीकृतिको क्रममा रहेको छ।

मानव अधिकारसम्बन्धी कानुन, नीति, योजना र कार्यक्रमहरू तयार पार्दा वा राष्ट्रिय प्रतिवेदनहरू तयार पार्दा राष्ट्रिय मानव अधिकार आयोगलगायतका संवैधानिक आयोग, नागरिक समाजलगायतका सरोकारवालाहरूसँग परामर्श गर्ने परिपाटीअनुरूप विश्वव्यापी आवधिक पुनरावलोकनको प्रतिवेदन तयार पार्दा र मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना र Common Core Document तयार पार्दा नागरिक समाजसँग व्यापकरूपमा सहकार्य भएको कुरा उल्लेख गर्न चाहन्छु । यसप्रकार नागरिक समाजसँग परामर्श र अन्तरक्रिया गर्ने कार्यमा खासगरी इन्सेकबाट भएको सहयोग र समन्वयको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु र भविष्यमा यसप्रकारको सहकार्यको निरन्तरताको अपेक्षा पनि गर्दछु।

अन्तमा, पुस्तकको विश्वसनीयता र उपयोगिता बढ्दै जाओस् र सरोकारवालाहरूलाई एउटा सन्दर्भ स्रोतको रूपमा कायम रहन सकोस् भनी शुभकामना दिन चाहान्छु।

**विश्वदीप वेस्रा**
शाखा अधिकृत

## परराष्ट्र मन्त्रालय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१" प्रकाशन गर्न लागेको सन्दर्भमा नेपाल सरकार परराष्ट्र मन्त्रालय खुशी व्यक्त गर्दै यस नियमित प्रयासका लागि इन्सेकलाई सफलताको शुभकामना व्यक्त गर्दछ।

नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई नेपालको संविधानले मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। समानता, अविभेदको हक, आत्मसम्मान,

पहिचान र समावेशी तथा समानुपातिक प्रतिनिधित्व मौलिक हकका आधारको रूपमा रहेका छन्। मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनहरू लागु भइसकेका छन्। मानव अधिकारका सिद्धान्तहरूलाई राष्ट्रिय योजना तथा कार्यक्रमहरू मार्फत मूल प्रवाहिकरण गरिएको छ।

तीन तहका अदालतहरूले मौलिक हकहरूको कार्यान्वयन सुनिश्चित गर्न अभिभावकको रूपमा काम गरेका छन् । राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गरिएको छ। GANHRI को मूल्यांकनले नेपालको राष्ट्रिय मानवअधिकार आयोगलाई 'A' श्रेणीमा वर्गीकरण गरेको छ । अधिकार सम्पन्न, स्वतन्त्र र क्षमतावान राष्ट्रिय मानवअधिकार आयोगको कार्यवातावरण पेरिस सिद्धान्तहरू अनुकुल रहेको छ। राष्ट्रिय मानवअधिकार आयोगले मुलुकको मानव अधिकारको क्षेत्रमा छाता सङ्गठनको काम गरेको छ। यसले मानव अधिकारको प्रवर्द्धन र संरक्षणको लागि विस्तृत अनुसन्धान, अनुगमन, निर्देशन तथा सिफारिस गर्न सक्ने सामर्थ्य राखेको छ।

राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग मानव अधिकारको संरक्षणका लागि अन्य संवैधानिक निकायहरू समेत स्थापित गरिएको छ।

नेपालले आवधिक रूपमा मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गरेको छ । सुरक्षा संयन्त्रहरूले मानव अधिकारको संरक्षण र संवर्द्धनका मान्यताहरूलाई सुनिश्चित गर्न मानव अधिकार शाखा स्थापना गरेका छन्। जेलहरूको अवस्था सुधारिएको छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगहरूले संक्रमणकालीन न्यायको बाँकी रहेका मुद्दाहरूलाई निष्कर्ष पुऱ्याउने काम गरिरहेका छन्।

मानवअधिकारप्रति नेपालको पूर्ण र अटल प्रतिबद्धता दोहोऱ्याउँदै सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीले संयुक्त राष्टसङ्घको ७५ औं महासभामा गरेको सम्बोधनका क्रममा संक्रमणकालीन न्यायको विषयलाई निष्कर्षमा पुऱ्याउने बताउनु भएको छ।

मानवअधिकारको संरक्षण र संवर्द्नप्रति नेपालको प्रतिवद्धता पूर्ण र अतुलनीय छ। नेपाल संयुक्त राष्ट्रसघको बडापत्रमा उल्लेखित सिद्धान्त र उद्देश्यहरूमा प्रतिवद्ध रहेको छ।

नेपाल मानवअधिकारसम्बन्धी मुख्य नौमध्ये सातसहित विभिन्न चौबीस ओटा अन्तर्राष्ट्रिय महासन्धि र अनुबन्धको पक्ष राष्ट्र हो । नेपालले अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको विशेषगरि महिला तथा बालबालिकाको बेचबिखन रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख, २००० (पलेर्मो प्रोटोकल) अनुमोदन गऱ्यो । संयुक्त राष्टसङ्घको सन् १९५१ को शरणार्थीसम्बन्धी महासन्धिको पक्ष राष्ट्र नभए पनि नेपालले हजारौँ शरणार्थीलाई आश्रय दिइरहेको छ।

नेपालले आफू पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय अनुबन्ध र महासन्धिहरूको कार्यान्वयनको अवस्थाका बारेमा विशेष महत्वका साथ प्रतिवेदन प्रस्तुत गर्ने गरेको छ । साथै यस वर्ष नेपालले युपीआर सचिवालयमा राज्यको प्रतिवेदन बुझाएको छ । प्रस्तुत राष्ट्रिय प्रतिवेदनले विश्वव्यापी आवधिक समीक्षा दोश्रो चक्रमा नेपालले प्राप्त गरेका र स्वीकार गरेका सुझाव कार्यान्वयनको प्रगति प्रस्तुत गरेको छ।

समाधीक्षकहरूसँग सहकार्य गर्न तथा सोधिएका प्रश्नहरूलाई महत्वका साथ सम्बोधन गरिएको छ। खाद्य अधिकार, चरम गरिबी र मानव अधिकारका विषयमा समाधीक्षकको भ्रमणका लागि निमन्त्रणा समेत दिएको छ।

सन् २०२० लाई महिलासम्बन्धी चौथो विश्व सम्मेलन (Beijing + 25) को २५ औँ वर्षको सम्झना स्वरूप मनाइयो। यसको स्मरणार्थ आयोजना गरिएको उच्चस्तरीय कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले लैङ्गिक समानतालाई जीवन र संसारको निरन्तरताको लागि आवश्यक र महत्वपूर्ण अधिकार र न्याय, शान्ति र प्रगतिको एक मात्र मार्गका रूपमा चर्चा गर्नु भएको थियो । राष्ट्रपतिले महिला र युवतीहरूको आर्थिक र सामाजिक आवश्यकतामा ध्यान पुऱ्याउन र समयमै स्वास्थ्य सेवा, खोपमा समान पहुँच र बलियो पुनर्स्थापना योजना सुनिश्चित गर्न जोड दिनु भयो।

संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना अभियानमा सहभागी भई नेपालले मानव अधिकारको संरक्षण, बालबालिका, महिला र आमनागरिकहरू माथिको अन्याय र अत्याचार रोक्नका लागि आफ्नो अनुकरणीय प्रदर्शन जारी राखेको छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् सदस्यको हैसियतले यस वर्ष नेपाल मानवअधिकारका विभिन्न

संयन्त्रमा रचनात्मक रूपमा संलग्न रहेको छ। नेपालले मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सत्र, सम्वाद र सम्मेलनहरूमा भाग लिएर मुलुकमा मानव अधिकारको प्रवर्द्धनमा आफ्ना अनुभव र प्रयास सार्वजनिक गर्‍यो।

मानव अधिकार परिषद्मार्फत नेपालले विश्वव्यापी रूपमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि रचनात्मक, निष्पक्ष र वस्तुनिष्ठ भूमिकाको लागि वकालत र पैरवी गरेको छ। सन् २०२० मा नेपाल मानव अधिकार परिषद्को सदस्यका लागि सन् २०२१ देखि २०२३ को अवधि र महिलाविरुद्ध हुने भेदभाव उन्मूलन समिति (CEDAW) को २०२१ देखि २०२४ सम्मका लागि पुनः निर्वाचित भयो। यसले मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि नेपालको निरन्तर प्रयास र प्रतिबद्धताहरूलाई अन्तर्राष्ट्रिय समुदायले प्रदान गरेको समर्थनलाई दर्शाएको छ। साथै नेपालले सन् २०१८ देखि २०२० सम्मको अवधिका लागि संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना आयोगको सदस्यको रूपमा पनि काम गरेको छ।

विदेश मन्त्री माननीय श्री प्रदीपकुमार ज्ञवालीले सन् २०२० को फेब्रुअरीमा मानव अधिकार परिषद्को ४३ औँ सत्रमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। परिषद्को उच्चस्तरीय खण्डमा सम्बोधन गर्दै माननीय मन्त्री ज्ञवालीले मानव अधिकारको संरक्षण र संवर्द्धनप्रति नेपालको प्रतिबद्धता दोहोर्‍याउनु भयो।

कोभिड–१९ को महामारीका कारण सन् २०२० चुनौतीपूर्ण भयो। अरु धेरै देशहरूमा जस्तै नेपालमा पनि महामारीले जीविकोपार्जन, अर्थव्यवस्था र सार्वजनिक स्वास्थ्य प्रणालीमा असर पार्‍यो। नेपाल सरकारले रोकथाम, नियन्त्रण, आइसोलेसन, क्वारेन्टाइन र उपचार जस्ता उपायहरू मार्फत महामारी सामना गर्नुका साथै डब्लुएचओको निर्देशनहरूको पालना गर्दै विभिन्न स्वास्थ्य र सुरक्षा प्रोटोकलहरू अपनाएको थियो। मानिसहरूलाई निःशुल्क परीक्षण र उपचार सेवाहरू प्रदान गरिएको छ। कोभिड–१९ का बिरामीहरूको मृत्यु दर कमी र निको हुने दर नेपालमा उच्च रहेको छ।

स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण, जनताको जीवनको रक्षा, दिगो र उत्थानशीलता यस वर्षको प्राथमिकतामा रहयो। खोपहरूको उपलब्धता सुनिश्चित गर्न नेपालले आवश्यक तयारी र समन्वय गरिरहेको छ। महामारीको प्रतिकूल सामाजिक,आर्थिक प्रभावहरूलाई न्यूनीकरण गर्न र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलगायत सबै मानव अधिकारहरूको उपभोग गर्ने वातावरण निर्माणका लागि सरकारले ध्यान पुर्‍यायो।

कोभिड–१९ को महामारीको विश्वव्यापी संकटको अवस्थामा नेपालले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गर्नुभएको विश्वव्यापी युद्धविराम अपिलको समर्थन गर्‍यो। नेपालले "पानी, सरसफाइ र स्वच्छताः विश्वका नेताहरूको संघको सन्दर्भमा केही गरौँ भन्ने आह्वान" लाई सन् २०२० को मे १४ मा समर्थन गर्दै असमानता र पछौटेपन अन्त्य गरी सबैको लागि पानी, सरसफाइ र स्वच्छता सुनिश्चित गर्न समन्वय र सहकार्य गर्न तयार भयो।

सार्क राष्ट्रका नेताहरूको भिडियो सम्मेलनमा भाग लिँदै, सम्माननीय प्रधानमन्त्रीले महामारीको फैलावटलाई रोक्न क्षेत्रीय प्रयासहरूको महत्व औँल्याउँदै सार्क कोभिड–१९ आपतकालीन कोषमा नेपालको तर्फबाट १० करोड विनियोजन गर्ने बताउनु भयो।

नेपाल सरकारले विदेशस्थित नेपाली कुटनीतिज्ञ, कन्सुलर नियोग, विदेशी सरकार र नेपाली प्रवासी समुदाय संस्थासँगको समन्वयबाट सङ्कटमा परेका नेपालीहरूलाई संरक्षण, राहत र स्वदेश फिर्ताको प्रक्रिया सञ्चालन गर्‍यो।

नेपाली कुटनीतिक नियोगहरूले आप्रवासी कामदारहरूलाई कन्सुलर र कुटनीतिक सेवाहरू जारी राख्नुका साथै बेचबिखन र बिचल्लीमा परेका नेपाली नागरिकहरूको सुरक्षित स्वदेश फिर्ताको सुविधा र आप्रवासी कामदारहरूलाई आवश्यक कानुनी सहायता र परामर्श सेवाहरू पनि प्रदान गरेको छ। विश्वका २५ देशबाट हजारौँ नेपालीलाई स्वदेश फिर्ता गरियो।

सन् २०२० मा नेपाल निम्न मध्यम आय भएको देशमा उत्थान भयो। मानव विकास प्रतिवेदन, २०२० ले नेपालको मानव विकाश सूचकाङ्क केही सुधार भएको देखाएको छ। नेपालले निम्न आय भएको आ नो स्थितिमा सुधार गरी मध्यम आयस्तरमा उक्लिन प्रयास गरेको छ। सन् २०३० सम्ममा देशको स्थिति सुधार गर्न दिगो विकाश लक्ष्य र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य अनुरूप सरकारले कार्य गर्दै आएको छ।

निष्कर्षमा, सन् २०२० चुनौतीपूर्ण रहेको भए पनि मानव अधिकारको संरक्षण र संवर्द्धनका सकारात्मक नतिजाको वर्षको रूपमा रहेको छ।

## गृह मन्त्रालय

**क. आर्थिक वर्ष २०७६/०७७**

१. आ.व. २०७६/०७७ मा स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत देशका सात ओटै प्रदेश समेट्ने गरी सात ओटा जिल्लामा मानव अधिकार प्रवर्द्धनसम्बन्धी गोष्ठी/कार्यशाला/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएकोमा सात ओटै प्रदेशमा कोभिड–१९ लकडाउनको कारणले तेस्रो चौमासिकमा रहेको लक्ष्यअनुसारको प्रगति हासिल हुन नसकेको ।

**ख. आर्थिक वर्ष २०७७/०७८ (पुस मसान्तसम्म)**

१. यस आ.व. मा लक्षित कार्यक्रमबमोजिम दोस्रो त्रैमासिकमा कास्की जिल्लाको पोखरामा र रुपन्देही जिल्लाको बुटवलमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिवेदन उपर प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।

२. "मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश, २०७७" स्वीकृत भई लागु गरिएको ।

३. मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनामा संलग्न दोषीहरूउपर कारबाही गर्न र पीडितहरूलाई राहत तथा क्षतिपूर्ति भराइ मानव अधिकार प्रवर्द्धन गर्ने सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालबाट वा सोझै राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय/निर्देशन भई आएबमोजिम प्रचलित कानुनको परिधिमा रही आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखी पठाइएको र, स्वीकृत मापदण्डको परिधिभित्र रही निकासा भएबमोजिम राहत तथा क्षतिपूर्ति उपलब्ध गराइएको ।

४. युपीआरको तेस्रो चक्रमा गृह मन्त्रालयबाट तयार भएको प्रतिवेदन संयुक्त राष्ट्रसङ्घ मानव अधिकार आयोगको कार्यालय जेनेभामा पठाइएको ।

**हरिचन्द्र बुढा**
शाखा अधिकृत

## राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगले नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रिय ऐन कानुन अनुसार महिला हक अधिकारका विषयमा निरन्तर काम गरिरहेको छ । आयोगले महिला हिंसा निवारण र सुरक्षा तथा रोकथामका लागि विगत चार वर्षदेखि आयोगकै परिसरभित्र हेल्पलाइन सेवा सञ्चालन गर्दै आएको छ । यसले गर्दा हिंसापीडित महिलाले आ  ना समस्या तथा गुनासो टेलिफोन नम्बर ११४५ मार्फत राख्ने र उपचारको अवसर पाएका छन् ।

आयोगले कोभिड–१९ को महामारीको समयमा हेल्पलाइन सेवामार्फत आ  नो सेवालाई निरन्तरता दिएको छ । आयोगले महिला अधिकारको प्रवर्द्धन तथा महिला हिंसाको रोकथाम र सुरक्षाको क्षेत्रमा कार्यरत सबै क्षेत्र र सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ । यस कार्यमा आयोगसँग इन्सेकले विगत वर्षहरूदेखि नै महिलाविरूद्ध हुने विभेद, हिंसा निवारणका सवालमा साथ सहयोग गर्दै आएको छ ।

आधा आकाश ढाकेका महिलाका सवालको सही सम्बोधन नभएसम्म कुनै पनि अर्थमा समानुपातिक विकास हुन नसकेको कटु सत्यलाई साकार पार्नमा इन्सेकको सहयोग प्रशंसनीय छ । आयोगको महिलाका हक अधिकार र महिला हिंसाविरूद्धको चुनौतीपूर्ण कार्यमा यस संस्थाबाट अझ सशक्त रूपमा साथ सहयोग हुनेछ भन्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, विश्वव्यापी रूपमा यस संस्थाले आर्जन गरेको ज्ञान तथा सीपलाई सकारात्मक परिवर्तनका लागि सार्थक रूपमा कार्यान्वयन हुने कुरामा विश्वस्त हुँदै इन्सेकले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक मार्फत मानव अधिकारका उल्लङ्घन भएका घटनाहरू र विभिन्न निकायहरूले ध्यान दिनुपर्ने कुरालाई उजागर गर्दै आएको विषय सराहनीय छ । आगामी दिनमा पनि इन्सेकले यस कार्यलाई निरन्तरता दिनेछ भन्ने अपेक्षासहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**शान्ता अधिकारी भट्टराई**
सचिव

## राष्ट्रिय समावेशी आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेकोमा यस वर्ष पनि मानव अधिकारको अवस्थाको विषयमा केन्द्रित रही पुस्तक प्रकाशन हुन गइरहेको विषय सकरात्मक रहेको छ। उक्त पुस्तकमा यस आयोगको धारणा राख्ने अवसर प्रदान गरेकामा यस आयोगको तर्फबाट आभार व्यक्त गर्दै उक्त पुस्तक सबैका लागि उपयोगी हुन सकोस् भनी शुभकामना व्यक्त गरिएको छ।

नेपालको संविधानको भाग २७ धारा २५९ तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ। संविधान तथा उक्त कानुनबमोजिम यस आयोगले खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिकरूपले विपन्न वर्गलगायतका समुदायको हक, अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गरी सम्बन्धित क्षेत्र, निकायमा सिफारिस गर्ने कार्य मुख्य रूपमा गर्दै आएको छ। यस आयोगले जोखिममा परेका व्यक्ति वा वर्गको हक हित र संरक्षणमा काम गर्ने भएकाले त्यस्ता व्यक्ति वा वर्गको मानव अधिकारको संरक्षणका लागि खोज अनुसन्धान तथा सिफारिस गर्ने कार्य गरिरहेको छ । नेपाल सरकारले आफ्नो श्रोत साधन तथा क्षमताले भ्याएसम्म त्यस्ता वर्गको हकहितका लागि उल्लेख्य कार्य गरिरहेको छ। तथापि वञ्चितीमा रहेका यस्ता वर्गको हक हितका लागि छुट्टै र थप विशेष कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ। सङ्घीय, प्रदेश तथा स्थानीय सरकार र अन्य गैरसरकारी सस्थाहरूले समेत आफ्नो नीति कार्यक्रम, बजेट तय गर्दा यस्ता सीमान्तीकृत, पछाडि परेका तथा जोखिममा रहेका वर्ग वा व्यक्तिको हक हितमा सर्वोत्तम हित पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ।

सन् २०२० मा विश्वजगत तथा नेपाल पनि कोभिड–१९ को महामारीका कारणले आक्रान्त भयो। यस्तो महामारीमा मूलतः अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, पिछडिएको विपन्न वर्ग झन् बढी जोखिम र समस्यामा परेका छन्। त्यसैले यस समयमा यस्ता वर्गहरूको न्यूनतम मानव अधिकार सङ्कटमा रहेको अवस्था थियो । यस आयोगका तर्फबाट उक्त समयमा त्यस्ता वर्गको हकहितका विषयमा विभिन्न अन्तरक्रिया गरी सम्बन्धित निकायमा सिफारिस गरिएको, त्यस्ता व्यक्ति वा वर्गले भोग्नु परेको कठिनाइका विषयमा अनुगमन एवम् अध्ययन गरिएको र विपन्न तथा कमजोर वर्गको हितका लागि सूचनासमेत प्रवाह गरिएको थियो। यस्ता वर्गको हकहितका लागि सबै तहका सरकारले न्यूनतम मानव अधिकारको सुनिश्चितताका लागि यथोचित राहत प्रदान गरे पनि त्यस्तो राहत तथा सहयोग पर्याप्त हुन भने सकेको छैन। कोभिड–१९ को प्रभाव अझ भविष्यमा पनि रहने हुनाले आर्थिक सामाजिक रूपले पछाडि परेका खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिकरूपले विपन्न वर्गलगायतका समुदायलाई आगामी दिनमा मानवोचित जीवन निर्वाह गर्न तीनै तहका सरकारहरू, सम्पूर्ण सञ्चार जगत, निजी तथा गैरसरकारी संस्थाहरू, नागरिक समाज, तथा सबै नागरिकहरूको आपसी सहयोग र संयुक्त प्रयास रही रहने छ भनी यस आयोगले अपेक्षा गरेको छ।

**पुष्कर भट्टराई**
उपसचिव तथा प्रवक्ता

## मधेसी आयोग

मधेसी आयोगले मधेसी समुदायको गर्भावस्थादेखि मृत्युपर्यन्तको अवस्थालाई मानव अधिकारको दृष्टिले नीति नियम कानुनमा नीतिगत सुधार, अध्ययन, अनुसन्धान र उजुरी सङ्कलन गरी तहकिकातका लागि सम्बन्धित सरोकारवालाहरूलाई सिफारिस गर्ने अनुगमन र मूल्याङ्कनसहित अहोरात्र कार्य गर्दै आइरहेको छ।

विगत एक वर्षमा तराई मधेसका जिल्लाहरूका साथै सात प्रदेश र ७७ ओटा जिल्लामा बसोबास गर्दै आइरहेका मधेसी समुदायमको मानव अधिकारका उल्लङ्घन भएका झण्डै २ सय ओटा उजुरी आयोगमा आयो। खुला सीमानाको कारण अवसरभन्दा बढी चुनौती थपिएका छन् । कोभिडपछि घरेलु हिंसा, हत्या, बालविवाह, सामाजिक कुरीतिहरू भएको देखिन्छ। प्रशासन कतिपय अवस्थामा संवेदनशील नभएको पाइएको छ। दलित, विपन्न, अति विपन्नमाथि झन् ठूलो

आर्थिक, सामाजिक, सांस्कृतिक र नागरिक अधिकारको हनन् भएको देखिन्छ । यस्ता विषयमा सरकारका प्रयासहरू अझै प्रभावकारी हुनुपर्ने देखिन्छ। विभिन्न प्रतिकूलताका बावजुद पनि सामाजिक सद्भाव भड्काउन धार्मिक सद्भाव खलबल्याउने माथि यो आयोगको सत्प्रयासका कारण नियन्त्रण र न्यूनीकरण भएको कुरा अनुगमनको क्रममा पाइएको छ।

नेपालको संविधान २०७२ को धारा २३२ बमोजिम संवैधानिक मान्यता प्राप्त गरेपछि यस आयोगले आफ्ना कार्यहरू आयोगको ऐन २०७४ बमोजिम गर्दै आएको छ। मधेसी समुदायको हक हित संरक्षण र संवर्द्धनमा जोड दिई उनीहरूलाई राज्यको हरेक क्षेत्रमा सम्मानपूर्वक रहन पाउने कार्यमा आयोगले नेपाल सरकारलाई सुझाव र सिफारिस दिने गरेको छ। मधेसी समुदाय र व्यक्तिउपर गरिने जुनसुकै विभेदपूर्ण क्रियाकलापको सम्बन्धमा सुधारका विषयहरू छनौट गरी सरकारलाई सुझाव दिन्छ। यस आयोगबाट एक वर्ष तीन महिनामा भएका कार्यहरू निम्न बमोजिम छन्ः

१. मधेसी समुदायको पहिचान झल्कने प्रोफाइल तयार गरी प्रकाशन गराउने कार्यको थालनी भएको छ।
२. मधेसी समुदायको तथ्याङ्क सङ्कलन गरी प्रकाशन गर्ने कार्य भइरहेको छ।
३. मधेसी समुदायको हक हित संरक्षण र सजायको विभिन्न तहमा पुग्न प्रोत्साहन गर्ने उद्देश्यले विद्यार्थीलाई लोक सेवा आगोगको कक्षा सञ्चालन गरिएको छ।
४. मधेसी समुदाय रहेको जिल्लामा नियमित रूपमा अनुगमन गरिएको, वास्तविक स्थितिको मूल्याङ्कन गरी सरकारलाई सुझाव प्रस्तुत गरिएको छ।
५. मधेसी समुदायलाई विभिन्न विषयमा सचेतना दिन स्थानीयस्तरबाट प्रोत्साहन गरिएको छ।
६. मधेसी आयोगलाई सबल बनाउन र यसको नीतिगत र संस्थागत सुधार गर्न आवश्यक पर्ने सुझावका लागि नागरिक समाज, बुद्धिजीवी, कानुन व्यवसायी, राजनीतिक नेताहरू, माननीय सांसदहरूसँग बसी अन्तरक्रिया गरी सुझाव लिइएको छ।
७. आयोगबाट अनुगमनका क्रममा विभिन्न स्थानको पहिचान गरी गुनासो सङ्कलन गर्ने क्रममा सुदूरपश्चिम प्रदेश, बागमती प्रदेश, प्रदेश २ र प्रदेश १ मा कार्यक्रम गरी त्यहाँको वास्तविक अवस्थालाई प्रतिवेदनमार्फत सुधारका लागि सरकारलाई सिफारिस गरिएको छ।
८. मधेसका अति विपन्न तथा पछाडि पारिएका समुदायको उत्थान र संरक्षणका लागि विभिन्न सेचतनामूलक कार्यक्रम गरिएको, प्राप्त गुनासाहरू सुधार गरी दिन नेपाल सरकारलाई सिफारिस गरिएको छ।
९. मधेसको भाषा, लिपी, संस्कृति, इतिहास र परम्पराको संरक्षण र नेपाली भाषासरह मान्यता दिन सम्बन्धित निकायमा सिफारिस गरिएको, भाषा सम्बन्धमा भाषा आयोगसँग फलदायी बैठक गरी आफ्ना सुझाव राखिएको छ।
१०. मधेसी समुदायमा रहेको दाइजो, बोक्सीजस्ता कुरीति र अन्धविश्वास हटाउन र सबै प्रकारका शोषण अन्त्य गर्न समुदायमै गई चेतनामूलक कार्यक्रम गरिएको छ।
११. मधेसी समुदायको हक संरक्षणका लागि अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयनका लागि अध्ययन र विश्लेषणसम्बन्धी टोली वा कार्यदल गठन गर्न सरकारलाई सिफारिस गरिएको छ।
१२. सीमामा भारतले बनाएको बाँध र राजमार्गले मधेसी समुदायलाई परेको असरका सम्बन्धमा समस्या न्यूनीकरणका लागि आवश्यक कदम चाल्न नेपाल सरकारलाई सुझाव प्रस्तुत गरिएको छ।
१३. सीमा सुरक्षाका लागि मधेसी समुदायले गरेको योगदानको उच्च प्रशंसा गर्दै नेपाली भूमि मिचिएको क्षेत्र सुस्ता, दार्चुला, इलाम आदि ठाउँको अनुगमन गरी सरकारलाई भूमि संरक्षणका लागि आवश्यक सुझाव दिइएको छ।
१४. लिखित, मौखिक, सञ्चार माध्यमको हेल्पलाइन सेवा ११५२ बाट प्राप्त उजुरीलाई आयोगले तत्कालै सम्बोधन गरी विगतमा प्राप्त करिब २० सय उजुरीलाई शत प्रतिशत सम्बोधन गरिएको छ।
१५. मधेसी पहिचानको प्रमुख माध्यम थर सूचिकृत हुँदा सो कार्यको प्रारम्भिक कार्य सुरु गरिएको छ। यसका लागि सबै पालिका र जिल्ला समन्वय समितिमा पत्राचार गरिएको छ।

१६. आयोगले विगतमा विराटनगरको रङ्गेली, प्रदेश २, कपिलवस्तु र नेपालगञ्ज तथा सुदूरपश्चिम कार्यक्रम सञ्चालन गरी मेधशी समुदायको चेतना जगाइएको छ।

१७. आयोगको सुधारका लागि आवश्यक पर्ने विभिन्न कार्यविधि निर्माण गरी सञ्चालनमा आएको, आयोगलाई आवश्यक पर्ने लोगो निर्माण गरिएको, नागरिक वडापत्र बनाई सुसूचित तथा अन्य आवश्यक कार्य गरिएको छ।

१८. आयोगले आफ्नो वेबसाइटमार्फत आयोगका गतिविधि सार्वजनिक गर्ने, मेसेन्जर, भाइवर आदि सोसियल मिडियामार्फत विभिन्न सूचना सम्प्रेषण गर्ने, सूचना अधिकारी र प्रवक्तामार्फत सूचना उपलब्ध गराउने, जानकारी लिनेदिने गरेको, सहयोगका लागि हेल्पलाइन ११५२ र टोल फ्रि १६६००११६१८५ को व्यवस्था रहेको छ।

१९. वार्षिक कार्ययोजना तयार गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट स्वीकृत लिने व्यवस्था गरिएको छ।

२०. आयोगलाई आवश्यक पर्दा अन्य संवैधानिक आयोगहरू, मन्त्रालयहरूका साथै सरोकारवाला कार्यालय, सङ्घसंस्था निकायहरूसँग परामर्श लिने गरिएको छ।

२१. आयोगलाई आवश्यक पर्ने विज्ञहरूको रोस्टर तयार गरी विज्ञहरू चयन गरिएको हुँदा विज्ञ सेवा लिन सहज भएको छ।

२२. कोभिड–१९ को महामारीले आक्रान्त जनमानसलाई केही न केही राहत पुऱ्याउने उद्देश्यले आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा एक उच्चस्तरीय अनुगमन समिति गठन गरी सो समितिको नियमित बैठक बसी करिब १४ ओटा विज्ञप्ति जारी गरी सरकारलाई सुझाव प्रस्तुत गरिएको छ । समितिमा बार एशोसिएशन, पत्रकार महासङ्घ, मेडिकल एशोसिएशन, महिला अधिकारकर्मी, नागरिक समाज, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी राष्ट्रिय अनुसन्धान विभाग र आयोगका उच्च अधिकारीको सहभागिता रहेको थियो।

२३. आयोगबाट प्रदेश १, प्रदेश २, बागमती प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका अधिकारकर्मी सम्बद्ध व्यक्तिहरूसँगको सामाजिक सञ्जालमार्फत प्रत्यक्ष सम्पर्क हुने गरेकोले सूचना पाउन सहजता रहेको छ।

२४. चर्चित नागरिकता विधेयकका सम्बन्धमा आयोगबाट बुद्धिजीवि सम्मिलित नौ ओटा बैठक सम्पन्न गरी सुझाव लिइएको साथै २०७८ को जनगणना त्रुटीरहित बनाउन तथ्याङ्क विभागसँग विमर्श गरिएको छ।

२५. २०७६ चैत ७ गते आयोगको स्थापना दिवस भव्यरूपले मनाइएको, समारोहमा गन्यमान्य व्यक्ति उपस्थित रही विभन्नि कार्यक्रम गरिएको, उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको छ।

२६. आवश्यकताअनुसार आयोगको बैठक माननीय अध्यक्षज्यूको संयोजकत्वमा नियमित हुने गरेको छ।

२७. नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको २०७५/०७६ को वार्षिक प्रतिवदेन सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको छ।

२८. आयोगलाई आवश्यक पर्ने नियमावली निर्माणको चरणमा रहेको छ।

**विन्दुदेवी शर्मा**
शाखा अधिकृत

## थारू आयोग

१. सन् २०२० मा कोभिड–१९ को प्रभाव नेपालमा पनि परेसँगै मुलुक बन्दाबन्दीको अवस्थाबाट गुज्रिन बाध्य भयो। सोही समयको नकारात्मक प्रभाव थारु समुदायलाई पनि पर्न गयो । मुलुकमा अधिकांश थारु युवा स्वदेशभित्रै निर्माण क्षेत्रमा मजदुरको रूपमा कार्यरत रहेका छन् । कोभिड–१९ को महामारीका कारण काठमाडौँ उपत्यकालगायतका विभिन्न क्षेत्रमा कार्यरत थारु समुदायका मजदुरहरूलाई खान, बस्नको असुविधा पर्न गएको, श्रमबापतको ज्याला नपाउँदा बेखर्ची हुन गएको, रोजगारी गुम्न गई आफ्नो घरसम्म पैदलै जानुपर्ने अवस्था सिर्जना भएको र श्रमबापतको ज्याला लिन आउन पनि धेरै खर्च लाग्ने हुँदा समस्या परेको।

२. थारु समुदाय मुख्यतः कृषि पेशामा आबद्ध रहेको समुदाय हो । समयमा नै कृषि मल

उपलब्ध हुन नसक्दा उत्पादनमा कमी हुन गई कृषि आय घट्न जाने अवस्था देखिएको र यसका कारण थारु समुदाय गरिबीतर्फ धकेलिने अवस्था आउन सक्ने देखिएको।

३. थारुहरूको जग्गा गैर थारुहरूले विभिन्न वित्तीय संस्थाहरूमा धितोमा राखी व्यापार, व्यवसाय सञ्चालन गर्ने र उक्त ऋण नतिरी भागेर जाने गर्दा थारुहरूको उक्त जग्गा वित्तीय संस्थाहरूले लिलामी गरिदिने प्रवृत्ति बढ्दै गएकोले थारुहरू दैनन्दिन ठगिएको अवस्था छ।

४. बोक्सी प्रथाजस्तो कुप्रथाले पनि थारु महिलाहरू नराम्रोसँग प्रभावित भएका छन्।

५. यस समुदायको अधिकांश कुलदेवता ग्रामथान सरकारी ऐलानी र वन क्षेत्रमा रहने गरेकोमा ऐलानी जमिन अतिक्रमण हुने वन क्षेत्रमा प्रवेश गर्न समस्या भएकोले सम्पदाको संरक्षण र धार्मिक आस्था कुण्ठित हुन गएको छ।

६. राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्रभित्र गई जडिबुटी खोज्न निषेध गरिएको हुँदा थारुहरूका वैद्य/गुरुवाको परम्परागत उपचार पद्धतिमा बाधा परेको छ।

**निशा लौडारी**,
शाखा अधिकृत

## नेपाली सेना

१. नेपाली सेना नेपालको संविधान, कानुन तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डमा राज्यले व्यक्त गरेको प्रतिबद्धताबमोजिम मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सर्वमान्यतालाई पूर्णरूपमा पालना गर्न सदैव प्रतिबद्ध रहेको।

२. नेपाली सेनालाई आधुनिकीकरण गर्ने तथा व्यवसायिक सेनाका रूपमा विकास गर्दै लैजाने लक्ष्यअनुरूप नेपालको संविधान र सैनिक ऐन, २०६३ बाट निर्दिष्ट भएको प्रावधानबमोजिम नेपाली सेनामा सञ्चालन हुने सबै तालिमहरूमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषय समावेश गरी सकलदर्जाहरूलाई प्रशिक्षित गराउँदै आइरहेको छ। सोहीबमोजिम सबै तालिम पाठ्यक्रममा मानव अधिकारसम्बन्धी विषय अनिवार्यरूपमा समावेश गरी नेपाली सेनाका सकल दर्जालाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा प्रशिक्षित गराइएको।

३. श्री प्रधान सेनापतिज्यूको कमाण्ड मार्गनिर्देशन कार्यान्वयनको सन्दर्भमा नेपाली सेनाका सकल दर्जाहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा जानकारी गराउन प्रत्येक तीन/तीन महिनामा १ (एक) पटक सबै युनिटमा कक्षा सञ्चालन गर्ने निर्देशन भएबमोजिम सोसम्बन्धी विषयमा कक्षा सञ्चालन गरी हालसम्म करिब ४५ हजार ५ सय ७१ जना सैनिक व्यक्तिहरूलाई प्रशिक्षित गराइसकिएको।

४. मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाली सेनाका सबै पृतना मानव अधिकार महाशाखा तथा बाहिनी मानव अधिकार शाखाहरू खडा गरी मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयहरूको नेपाली सेनामा कार्यरत सकल दर्जाहरूलाई ज्ञान भए/नभएको सम्बन्धमा यस मानव अधिकार निर्देशनालयबाट सबै पृतना मानव अधिकार महाशाखा तथा वाहिनी मानव अधिकार शाखाहरूमा निरीक्षण भ्रमण हुँदै आइरहेको।

५. नेपाली सेनामा मानव अधिकारको पूर्णरूपमा पालना गराउनको निमित्त नेपाली सेनाका युनिटहरूलाई यस निर्देशनालयबाट मानव अधिकार तथा मानवीय कानुनसम्बन्धी हाते पुस्तक तथा डीभीडी वितरणसमेत गरी सकिएको।

६. संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनार्थ तैनाथ हुन जाने नेपाली सेनाका विभिन्न UN Mission मा खटी जाने सकल दर्जाहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका विषयमा प्रशिक्षित गराई खटाउने गरिएको।

७. अन्त्यमा, मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा क्रियाशील त्यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को प्रगतिको कामना गर्दै "मानव अधिकार वर्ष पुस्तक-२०२१" प्रकाशित हुन

लागेको सन्दर्भमा नेपाली सेना शुभकामना व्यक्त गर्दछ।

**जीवनप्रसाद दाहाल**
प्राड सहायक रथी, निर्देशक

## नेपाल प्रहरी

मानव अधिकारको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले विगत वर्षहरू झैँ यस वर्ष पनि "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१" प्रकाशन गर्न लागेको कुराले हामीलाई खुशी लागेको छ। वर्तमान विश्वमा मानव अधिकार सभ्य समाजको पहिचान र सेवा प्रवाहको स्तर मापन गर्ने आधार बनेको छ। मानव अधिकारको पूर्णरूपमा प्रत्याभूति दिलाउनु नै वर्तमान अवस्थामा राज्यको पहिलो प्राथमिकता हो।

नेपाल प्रहरी नागरिकलाई राज्यले प्रदान गरेको संवैधानिक हक, अधिकार, ऐन, कानुन कार्यान्वयन गर्ने निकाय हो। समाजमा शान्ति सुरक्षा कायम गर्दै मानव अधिकारको संरक्षण, संवर्द्धन/प्रवर्द्धन र परिपूर्ति गर्ने कार्यमा नेपाल प्रहरी अग्रणी भूमिकामा रहेको हुँदा आफूलाई सदैव चुस्त, दुरुस्त, प्रभावकारी र तत्पर राख्दै विभिन्न सङ्घसंस्था, अधिकारकर्मी तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँगको सहकार्य र समन्वयलाई उच्च प्राथमिकतामा राखेको छ।

मानव अधिकार मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै नागरिकका अधिकारहरूको प्रभावकारी कार्यान्वयन तथा मानव अधिकार उल्लङ्घन हुन नदिन नेपाल प्रहरीमा प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी २०५९ मा २ गते मानव अधिकार उल्लङ्घन अनुगमन इकाइको स्थापना भएको हो। मानव अधिकारको उल्लङ्घनको विषयमा शून्य सहनशीलताको नीति अख्तियार गर्दै सिङ्गो प्रहरी सङ्गठनलाई मानव अधिकारमैत्री बनाउने लक्ष्य साथ प्रदेशस्तरका मानव अधिकार उल्लङ्घन अनुगमन इकाइ र प्रत्यक्ष जिल्ला प्रहरी कार्ययोजनामा सम्पर्क अधिकृतको व्यवस्था गरेर अनुगमन, अनुसन्धान, तालिम, सजाय र पुरस्कारको माध्यमबाट प्रहरी कर्मचारीबाट हुनसक्ने मानव अधिकार उल्लङ्घनलाई निरूत्साहित गर्दै नागरिकका अधिकार संरक्षण गर्ने कार्यमा क्रियाशील रहँदै आइरहेको छ।

नेपाल प्रहरीको कार्ययोजना २०७७ मा समेत मानव अधिकारको विषयवस्तुलाई उच्च प्राथमिकतामा राखी विभिन्न क्रियाकलापहरू तर्जुमा गरी कार्यान्वयन गर्ने साङ्गठनिक लक्ष्य रहेको छ। नेपाल प्रहरीले संरक्षण संवर्द्धन/प्रवर्द्धन र परिपूर्तितर्फ गत आर्थिक वर्षमा निम्नबमोजिम कार्य सम्पादन गरेको छ।

**१. मानव अधिकार संक्षणतर्फ**

- विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसबाट नेपालसमेत प्रभावित भएको र यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनलाई पूर्णरूपमा कार्यान्वयन गरी पीडित, असहाय, महिला, बालबालिका र जेष्ठ नागरिकलाई विशेष प्राथमिकतामा राखी सुरक्षा र संरक्षण प्रदान गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सम्मानित अदालत, राष्ट्रिय मानव अधिकार आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन तथा आवश्यक अनुसन्धान एवम् छानविन गरी भइआएको आदेशहरूको कार्यान्वयन सम्बन्धमा समेत निर्देशन दिने गरेको।
- प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको तथा इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जालमार्फत गुनासो गर्न सक्ने प्रावधान मिलाइएको।
- मानव अधिकार उल्लङ्घनका घटना सम्बन्धमा प्राप्त उजुरी, सिफारिस, पत्रपत्रिका तथा अन्य विविध स्रोतबाट प्राप्त सूचनाको आधारमा अनुसन्धान, छानविन गरी दोषी देखिएमा प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्ने गरिएको साथै चालु आ.व. मा सात जना गरी हालसम्म ७ सय ८७ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिसकिएको।
- प्रमाणमुखी अपराध अनुसन्धानको पद्धति अवलम्बन गरी अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको।
- विभिन्न कार्यालयहरूको अनुगमनको क्रममा प्रहरी इकाइहरूलाई आफूले प्रदान गर्ने सेवा प्रवाहलाई थप मानव अधिकारमैत्री एवम् पीडितमैत्री बनाउन प्रोत्साहन गर्दै निर्देशन दिने गरिएको।

## २. मानव अधिकार प्रवर्द्धनतर्फ

- प्रहरी कर्मचारीलाई दक्ष, प्रतिबद्ध एवम् व्यवसायिक बनाउन सम्पूर्ण आधारभूत तथा उन्नत तालिमको पाठ्यक्रममा मानव अधिकार विषय अनिवार्य गरिएको। चालु आ. व. मा १ हजार ६ सय ३३ जना तथा हालसम्ममा जम्मा २१ हजार ९ सय ५५ जना प्रहरी अधिकृत तथा जवानहरूलाई मानव अधिकार तालिम प्रदान गरिसकिएको।
- मानव अधिकारको मूल्य र मान्यतप्रति अझ बढी संवदेनशील भई कार्य गर्न प्रहरी कर्मचारीहरूलाई सम्मान कदर पत्र तथा पुरस्कारद्वारा प्रोत्साहन गर्ने गरिएको साथै चालु आ. व. १ हजार ६ सय ७५ जना प्रहरी कर्मचारीहरूलाई पुरस्कृत गरी सकिएको।
- समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत देशभर स्थानीय निकाय र सरोकारवाला निकायसहित सम्मिलित २५ हजार ४ सय ९० ओटा समिति गठन गरी स्थानीय निकाय तथा सरोकारवालाहरूको सहकार्यहरूको जम्मा २९ हजार १ सय ६४ ओटा कार्यक्रम सम्पन्न गरी सचेतना अभिवृद्धि गरिएको। यसबाट ७८ लाख ६७ हजार ५ सय ६५ आमनागरिक लाभान्वित भएको। छाउपडी ८ हजार ६ सय १७ ओटा, बोक्सीको आरोप १ सय ८६ ओटा, दाइजो २ सय ६१ ओटा, छुवाछूत २ सय ४९ ओटा जस्ता विकृतिविरुद्धका कार्यक्रमहरू तथा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रमहरू स्कूल तथा समुदायमा सचेतना शिक्षा कक्षा सञ्चालन गरिएको।

## ३. मानव अधिकार परिपूर्तितर्फ

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणलाई रोक्न नेपाल सरकारले गरेको लकडाउन आदेशलाई कार्यान्वयन गर्नका लागि अग्रपङ्क्तिमा खटिएका प्रहरीले थप चुनौतीहरूको सामना गर्नु परे तापनि सम्भावित अवाञ्छित गतिविधिको रोकथाम र अपराध अनुसन्धान र नियन्त्रण, स्वास्थ्यकर्मी, अस्पताल, क्वारिन्टिन व्यवस्थापनलगायत स्थानमा सुरक्षा कायम गरी आफूलाई सुम्पिएको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेको छ।

सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक/अर्धन्यायिक निकायहरूबाट भएका निर्णय फैसलाहरूको कार्यान्वयन गरिएको।

**बसन्तबहादुर कुँवर**
केन्द्रीय प्रवक्ता
प्रहरी प्रधान कार्यालय

# सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकार हनन् तथा दण्डहीनता प्रश्रय नदिने नीति अवलम्बन गरेअनुरूप सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको सम्बन्धमा जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरू उपर तत्काल अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन गरेको ठहरिएमा सङ्गठनले कसुरअनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्दै आइरहेको छ। नागरिकहरूका संविधानप्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाई समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसारपसारजस्ता जघन्य अपराध रोकथामका लागि सूक्ष्मरूपमा निगरानी बढाइ पीडितहरूको उद्दार गर्न सराकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

नेपाल सरकारको मानव अधिकारसम्बन्धी शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले पनि अक्षरशः पालना गर्ने/गराउने वातावरण सिर्जना गर्नेतर्फ सक्रियता देखाउनुका साथै सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कर्मचारीहरूलाई मानव अधिकार सम्बन्धमा संवेदनशील एवम् सचेतसम्बन्धी सचेत गराउने उद्देश्यले मानव अधकिार सेल र सरकारी तथा गैरसकारी सङ्घसंस्थाहरूबाट प्रशिक्षक झिकाई मानव अधिकारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उद्देश्यअनुरूप सशस्त्र प्रहरी बल, नेपालले वार्षिक तालिम क्यालेण्डर तयार गरी सोही क्यालेण्डरबमोजिमका दुई दिने मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरेर सशस्त्र प्रहरी कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण प्रदान गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैव प्रतिबद्ध रहेको छ र यी प्रतिबद्धताहरू सहजताका साथ पूरा गर्न मिति २०५९/०९/२९ गते सशस्त्र प्रहरी बल,

नेपाल प्रधान कार्यालय, हलचोकमा मानव अधिकार सेलको स्थापना गरी प्रभावकारीरूपमा कार्य सम्पादन हुँदै आइरहेको छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनीसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाट प्रशिक्षक उत्पादन गर्ने कार्यसमेत हुँदै आइरहेको छ। सन् २०२० जनवरी १ देखि डिसेम्बर ३१ (तदनुसार वि.सं. २०७६ पुस १६ गतेदेखि २०७७ पुस १६ गते) सम्म बल प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घको सिद्धान्त तथा मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरी एक वर्षको अवधिमा ५ हजार ५ सय ३५ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षित गर्नुका साथै समयसापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनका कामकारबाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले सङ्गठनबाट सरकारी तथा गैरकारी निकायहरूमा समयसमयमा सञ्चालन गरिने तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमा सहभागिता जनाउने गरिएको छ।

अन्त्यमा, मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायका निमित्त स्थापित अनौचारिक क्षेत्र सेवा (इन्सेक)द्वारा वार्षिकरूपमा प्रकाशन हुने "मानव अधिकार संरक्षण र संवर्द्धनमा यस संस्थाले सदैव महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्दछौँ।

**कमल गिरी**
सशस्त्र प्रहरी नायब महानिरीक्षक
मानव अधिकार सेल, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

## नेपाल बार एशोसिएशन

त्यस संस्थाले विगत वर्षझैँ नियमित प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले सन् २०२० मा नेपालको मानव अधिकार स्थितिका बारेमा स्थलगत अध्ययन गरी तयार पारेको वास्तविक सत्य तथ्य सार्वजनिक गर्नेछ भन्ने हाम्रो विश्वास छ।

नेपाल बार एशोसिएशनले सन् २०२० को समग्र मानव अधिकार अवस्थाको मूल्याङ्कन, अवलोकन गर्दा विधिको शासन, न्यायमा सहज पहुँचका स्थिति, व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको अवस्था उत्साहप्रद रहेको पाइएन। व्यक्ति हत्या, गम्भीर फौजदारी मुद्दाहरूको अनुसन्धान, अभियोजनमा गएिको स्वेच्छाचारी प्रवृत्ति, अपहरण, यौन हिंसा, बलात्कार घटनामा वृद्धि, वाक तथा प्रकाशन स्वतन्त्रता नियन्त्रण प्रयास, अदालतको आदेश विपरीत पटक–पटक पक्राउ र अड्डासार गर्ने, अन्तरिम आदेशको अवहेलना गरि व्यक्तिको सम्पत्ति तथा आवासमा बलपूर्वक हस्तक्षेप लगायताका घटनाका अतिरिक्त कोभिड–१९ को सङ्क्रमण र बन्दाबन्दीका अवस्थामा स्वदेश र विदेशमा रहेका नागरिकहरूप्रति राज्यको व्यवहार, सार्वजनिक आवागमन, स्वास्थ्य उपचार, क्वारेन्टिन र आइशोलेशन सेन्टरको अवस्थामसेतको समग्र अध्ययनबाट नेपाल सरकार नागरिकहरूको मोलिक हक तथा मानव अधिकार संरक्षणमा अनुदार र असहिष्णु भएको भन्ने नेपाल बार एशोशिएशनको मूल्याङ्कन रहेको छ।

**अधिवक्ता लीलामणि पौडेल**
महासचिव

## नेपाल पत्रकार महासङ्घ

नेपाल पत्रकार महासङ्घ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका साथै मानव अधिकारको क्षेत्रमा पनि क्रियाशील संस्था हो । यस परिप्रेक्ष्यमा मानव अधिकारको संरक्षण र वकालत गर्ने अन्य संस्थाहरूको पहललाई पनि महासङ्घ सम्मान गर्दछ । मानव अधिकारको उल्लङ्घनका तथ्याङ्कहरू सङ्कलन गर्दै मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्ने

| क्र. सं. | घटना प्रकृति | सङ्ख्या |
|---|---|---|
| १. | मृत्यु/हत्या | |
| २. | बेपत्ता | |
| ३. | गिरफ्तारी | ५ |
| ४. | कब्जा/अवरोध | ४ |
| ५. | आक्रमण | ९ |
| ६. | लैङ्गिक हिंसा | |
| ७. | दुर्व्यवहार/धम्की | ३२ |
| ८. | विस्थापन | |
| ९. | पेशागत असुरक्षा | २ |
| १०. | नीतिगत बन्देज | |
| | कुल घटना | ५२ |

स्रोत : नेपाल पत्रकार महासङ्घ, प्रेस स्वतन्त्रता अनुगमन इकाइ, सन् २०२० डिसेम्बर ३१

कार्यमा सराहनीय भूमिका निर्वाह गर्दै आइरहेको इन्सेकले विगतझैँ यस वर्ष पनि मानव अधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक–२०२१ प्रकाशन गर्न लागेकोमा शुभकामना दिन चाहन्छु।

नेपाल पत्रकार महासङ्घले पनि नेपालको प्रेस स्वतन्त्रताको अवस्थालाई नजिकबाट अध्ययन गरिरहेको छ। महासङ्घले मानव अधिकारका सम्बन्धमा अनुगमन डेस्कको स्थापना गरी सञ्चारकर्मीहरूमाथि हुने आक्रमण, धम्की, गिरफ्तारीलगायतका घटनाका बारेमा नियमित अनुगमन गर्दै आएको छ । यो वर्ष पनि पत्रकारले पेशागत अभ्यासका क्रममा विभिन्न चुनौती, अवरोध र समस्याबाट गुज्रनु परेको छ। सङ्घीय सरकार र प्रदेश सरकारले सरोकारवालासँगको छलफलबिना नै सञ्चारसम्बन्धी विभिन्न कानुन निर्माण गरे । जसका कारण पत्रकारहरूको पेशागत सुरक्षा थप चुनौतीपूर्ण बन्यो।

हाल सङ्घीय संसदमा मिडियासम्बन्धी मुख्य तीन कानुनहरू दर्ता भएका वा छलफलका क्रममा रहेका छन्। २०७६ वैशाखमा नेपाल सरकारले नेपाल मिडिया काउन्सिलसम्बन्धी नयाँ कानुन निर्माण गरी राष्ट्रिय सभामा दर्ता गरेपश्चात् उक्त कानुनले काउन्सिलको स्वतन्त्रता र स्वायत्ततामा हस्तक्षेप गरेको र त्यसले प्रेस स्वतन्त्रतालाई संकुचित पार्ने देखेर महासङ्घको नेतृत्वमा भएका चरणवद्ध आन्दोलनपश्चात् राष्ट्रियसभाले त्यसमा केही संशोधन गरी प्रतिनिधिसभामा पठाइसकेको छ। अझै पनि उक्त विधेयकमा रहेका प्रावधानहरूले काउन्सिललाई सिधै सरकारी नियन्त्रणमा राख्ने अवस्था देखिएकाले महासङ्घले यसका लागि आवाज उठाइरहनुपर्ने आवश्यकता छ।

त्यसैगरी, सूचना प्रविधिसम्बन्धी विधेयक प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिमा छलफल समाप्त भई प्रतिवेदनसमेत तयार भइसकेको छ। तर, उक्त प्रतिवेदन अझसम्म संसदमा पेश भने भएको छैन। सो विधेयकले पनि सञ्चार क्षेत्र, खासगरी अनलाइन मिडियालाई नियन्त्रण गर्नका लागि प्रेस स्वतन्त्रताविरुद्ध हुने धेरै प्रावधानहरू राखेको देखिन्छ। प्रेस स्वतन्त्रता मात्र नभई यसले आममानिसको अभिव्यक्ति स्वतन्त्रतालाई नै बन्देज लगाउने सम्भावना देखिन्छ । भर्खरै मात्र राष्ट्रियसभामा दर्ता गरिएको सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयकले हाल रहेको सरकारी मिडियालाई झन् बढी नियन्त्रण गर्ने प्रयास गरेको छ। यो विधेयक सार्वजनिक सेवा प्रसारणका सामान्य मान्यताहरूसँग कहीँ कतै पनि मेल खाएको देखिँदैन।

सङ्घीय सरकारले जस्तो प्रदेश सरकारहरूले पनि यो अवधिमा मिडियासम्बन्धी विभिन्न कानुनहरू पारित गरेका, प्रदेश संसदहरूमा पेश गरेका वा मस्यौदा गरिरहेका छन्। तीमध्ये जति पनि कानुनहरू आएका छन्, ती सबै कुनै न कुनै रूपमा प्रेसलाई नियन्त्रण गर्ने उद्देश्यबाट प्रेरित देखिन्छन्।

नेपाल पत्रकार महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा गरिएको अभिलेखअनुसार सन् २०२० जनवरी १ देखि २०२० डिसेम्बर ३१ सम्मको अवधिमा ५२ ओटा प्रेस स्वतन्त्रता हनन्का घटनाहरू अभिलेख गरिएको छ । गत वर्ष अर्थात् सन् २०१९ मा प्रेस स्वतन्त्रता हनन्का ५० ओटा घटना अभिलेख गरिएको थियो।

यो एक वर्षको अवधिमा सबैभन्दा धेरै ३२ ओटा घटना पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका रहेका छन्। त्यस्तै, नौ ओटा घटना पत्रकारमाथि आक्रमणका छन् भने पाँच ओटा घटना पत्रकार गिरफ्तारीका छन्। यस्तै, चार ओटा घटना कब्जा तथा अवरोधका रहेका छन् भने दुई ओटा घटना पेशागत असुरक्षाका अभिलेख भएका छन्। यी अधिकांश घटनाहरूले देशको समग्र मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ।

**गोविन्द आचार्य**
अध्यक्ष